नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :- ६६६

मिति :- २०७३/११/१८

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरू ।

**विषय :- आयातको लागि विदेशी मुद्रामा Loan Book गर्न पाउने व्यवस्था सम्बन्धमा ।**

महाशय,

व्यापारिक फर्म/कम्पनीले प्रतितपत्र मार्फत आयात गर्ने सामानको भुक्तानी गर्ने रकमसम्म देहाय बमोजिम परिवर्त्य विदेशी मुद्रामा Loan Book गर्न पाउने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. विदेशबाट सामान आयात गर्ने व्यापारिक फर्म/कम्पनीले प्रतितपत्र मार्फत आयात हुने सामानको लागि प्रचलित व्यवस्था बमोजिम परिवर्त्य विदेशी मुद्रा भुक्तानी गर्नुपर्ने रकमसम्मको लागि बढीमा ९० दिनसम्म सम्बन्धित बैंकसंग विदेशी मुद्रामा Loan Book गर्न सक्नेछन ।
२. बैंकहरुले आफुसंग रहेको स्वतन्त्र (Free of Charge) परिवर्त्य विदेशी मुद्रा मौज्दातको Back-up मा मात्र यस्तो कर्जा प्रवाह गर्न सक्नेछन ।
३. यस्तो कर्जा प्रवाह गर्ने प्रयोजनको लागि यस बैंकबाट सटही माग गर्न पाईने छैन ।
४. त्यस्तो कर्जा २०७४ बैशाख मसान्तसम्म मात्र प्रवाह गर्न सकिनेछ ।
५ प्रत्येक महिना यसरी प्रवाह गरेको कर्जाको विवरण बैंकको केन्द्रीय कार्यालयले महिना व्यतित भएको ७ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग
७. श्री बैंक सुपरिवेक्षण विभाग
८. श्री आन्तरिक लेखा परीक्षण विभाग
९. श्री नेपाल बैंकर्स संघ
१०. श्री सूचना प्रविधि विभाग
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१२ श्री नेपाल उद्योग परिसंघ